महाभारत गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: १ | संख्या: १ | मिति: २०७७।१०।३०

भाग –२

**महाभारत गाउँपालिका**

## महाभारत गाउँपालिका खेलकुद सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावनाः**

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखि मद्यपान, लागु पदार्थ सेवनको कुलतबाट जोगाई सु-सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत स्वस्थ नागरिक बनाउन, राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति आर्जन गर्ने उद्देश्यले युवाहरुको माध्यमबाट सु-संस्कृत समाजको निर्माण गर्ने उद्देश्यलाई मुर्त रुप दिन वाञ्छनीय भएकोले महाभारत गाउँ कार्यपालिकाले यो **"महाभारत गाउँपालिका खेलकुद सञ्चालन सम्बन्धी २०७७"** कार्यविधि बनाइएको छ।

### परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भः यो कार्यविधिको नाम "महाभारत खेलकुद सञ्चालन सम्बन्धी कार्यविधि,२०७७" रहनेछ। र यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "कार्यविधि" भन्नाले महाभारत गाउँपालिका खेलकुद सम्बन्धी कार्यविधि२०७७ भन्ने सम्झनु पर्छ।

ख) "युवा तथा खेलकुद विकास समिति" भन्नाले महाभारत कार्यपालिकाको बैठकबाट गठित युवा तथा खेलकुद विकास समिति भन्ने सम्झनु पर्छ ।

ग) "गाउँपालिका खेलकुद समिति" भन्नाले गाउँ कार्यपालिकाबाट गठित गाउँपालिका खेलकुद समिति भन्ने सम्झनु पर्छ ।

घ) "टिम, क्लब, संघ, संस्था" भन्नाले महाभारत गाउँपालिकामा तोकिए बमोजिम दर्ता भएका महाभारत गाउँपालिका क्षेत्रभित्रका टिम, क्लब र संघसंस्थाहरु भन्ने सम्झनु पर्छ ।

ङ) "खेलाडी" भन्नाले टिम, क्लब, संघसंस्थामा सम्बद्ध खेलाडी बन्ने सम्झनु पर्छ ।

च) "प्रशिक्षार्थी" भन्नाले महाभारत गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लब, संघ संस्था सम्बद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्छ ।

छ) "प्रशिक्षक" भन्नाले महाभारत गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक खेलाडी, टिम, क्लब, संघ संस्था सम्बद्ध विषयगत प्रशिक्षक भन्ने सम्झनु पर्छ ।

ज) “प्रशिक्षण समिति” भन्नाले गाउँ खेलकुद समिति अन्तर्गत महाभारत गाउँपालिका क्षेत्रभित्र विषयगत खेल प्रशिक्षणका लागि गठित समिति भन्ने सम्झनु पर्छ ।

झ) “खेलकुद विकास कोष” भन्नाले महाभारत गाउँपालिकाको खेलकुद विकास कोष भन्ने सम्झनु पर्छ ।

ञ) “खेलाडी विवरण” भन्नाले टिम, क्लब, संघसंस्थाहरुले आफ्नो टिम, क्लब, संघसंस्थामा आबद्ध भनि प्रमाणित गरी प्रत्येक महिना गाउँपालिकामा पेस गरेको विवरण भन्ने सम्झनु पर्छ ।

ट) "खेलकुद पदाधिकारी" भन्नाले खेलकुद सम्बद्ध समिति, उप—उपसमितिका पदाधिकारी भन्ने सम्झनु पर्छ ।

## परिच्छेद २
## उदेश्य

३. गाउँ खेलकुद समितिका उद्देश्यहरुः

**क)** गाउँको कला संस्कृति र खेलकुदको विकास प्रतिस्ठा वृद्धिमा खेलकुदको माध्यमले पुयाउने,

**ख)** गाउँभित्रको खेलकुद प्रतियोगिता सञ्चालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायकाबीच समन्वय गरी खेलविकास गर्न सहयोग गर्ने,

**ग)** स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई, देशभक्त, स्वभिमानी, समाज प्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक, परिवर्तनप्रति सचेत नागरिक तयार गर्ने,

**घ)** टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघसस्थालाई परिचालन गर्ने,

**ङ)** खेलकुदको माध्यमबाट गाउँबासिहरुलाई नागरिक भावनाप्रति सचेत गराउने,

महाभारत गाउँपालिका राजपत्र

**च)** खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहान गर्ने,

**छ)** खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने,

**ज)** खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने,

**झ)** बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीवीहरुलाई समेत शारीरिक व्यायाम खेलकुद व्यवस्था गर्न सहयोग पुर्याउने, महाभारत गाउँपालिकाभित्रबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडिहरु उत्पादन गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,

**ञ)** टिम, क्लब, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने,

**ट)** गाउँपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने,

**ठ)** गाउँ खेलकुद समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने।

## परिच्छेद ३
## गाउँ खेलकुद समितिको गठन र बैठक कार्यविधी

४. गाउँ कार्यपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी एक गाउँ खेलकुद समिति गठन गर्न सक्नेछ ।

| | |
|---|---|
| **क)** गाउँपालिका युवा तथा खेलकुद विकास समितिको संयोजक | अध्यक्ष |
| **ख)** युवा तथा खेलकुद विकास समितिका सदस्यहरु | सदस्य |
| **ग)** गाउँपालिकाको प्रत्येक वडाबाट गाउँपालिकाले मनोनयन गरेको १० जना | सदस्य |
| **घ)** गाउँपालिका अध्यक्षले तोकेको युवा तथा खेलकुद शाखाका कर्मचारी | सदस्य सचिव |

५. गाउँपालिका खेलकुद समितिको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ । र गाउँ कार्यपालिकाबाट पुनर्नियुक्ति हुन सक्नेछ ।

६. गाउँपालिका खेलकुद समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

७. अध्यक्षको काम, कर्तब्य र अधिकार

**क)** गाउँपालिका खेलकुद समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ ।

महाभारत गाउँपालिका राजपत्र

**ख)** खेलकुद प्रतियोगीताको वार्षिक कार्ययोजना तयार गरी आयोजना सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने ।

**ग)** राष्ट्रिय अन्तरराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगीताहरुमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने।

**घ)** गाउँपालिका खेलकुद समितिको बैठक वस्न नसकेको अवस्थामा गाउँपालिकामा गर्नुपर्ने सम्पूर्ण सिफारिसहरु गर्ने ।

**ङ)** समितिले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

८. सदस्य सचिवको काम कर्तव्य र अधिकार

**क)** बैठकको पत्रचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामग्री जुटाउने ।

ख) बैठक माइन्युठिङ उठाउने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने ।

**परिच्छेद ४**

**खेलकुद प्रतियोगीता व्यवस्थापन**

९. गाउँपालिका खेलकुद समिति आफैले वा गाउँपालिकाले दर्ता भएका टिम, क्लबहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न वा गराउन सक्नेछ।

१०. गाउँपालिका खेलकुद समिति आफैले वा नगरभित्रका टिम, क्लबहरु मार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय टिमसँग मैत्रीपूर्ण खेलकुद प्रतियोगीताको आयोजना गर्ने वा गराउन सक्नेछ ।

११. सल्लाहकार समितिको गठनः गाउँपालिका खेलकुद समितिले आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

**पच्छिेद ५**

**गाउँपालिका क्षेत्रभित्रका टिम, क्लब र संघ संस्थाहरुले दर्ता र व्यवस्थापन**

१२. गाउँपालिका भित्रका टिम, क्लब, समिति र संस्था आदिले गाउँ खेलकुद समितिको उद्धेश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा फारम शुल्क रु. १०।—

दर्ता शुल्क रु. २५०।—

सम्बन्धित वडाअध्यक्षको सिफारिस सहित फारम शुल्क रु. २५०।— का साथ दर्ता नवीकरण समेत गर्नु पर्नेछ ।

१३. दर्ता भएका टिम, क्लब, पुस्ताकालयले जुनसुकै प्रतियोगीता गर्नु भन्दा अगाडी गाउँ खेलकुद समितिबाट स्वीकृति लिनु पर्नेछ ।

१४. दर्ता र नवीकरण गर्नु भन्दा पहिले गाउँ खेलकुद समिति वा समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरीक्षण गर्नुपर्नेछ ।

१५. गाउँ खेलकुद समितिमा भएको टिम, क्लब, संघ, संस्थाहरुले गाउँ खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगीता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई गाउँ खेलकुद समितिको सिफारिसमा गाउँपालिकाबाट निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराईने छ।

- क) वडाव्यापी प्रतियोगीको लागि (वर्षमा १ पटक) बढीमा रु. १०,०००।— देखि रु. २०,०००।— सम्म,
- ख) गाउँपालिकाव्यापी प्रतियोगीताको लागि (वर्षमा १ पटक) बढीमा रु. २०,०००।— देखि रु.४०,०००।— सम्म
- ग) जिल्ला र उपत्यका व्यापी प्रतियोगीताको लागि (वर्षमा १ पटक) रु. ३०,०००।— देखि रु. ४०,०००।—सम्म।
- घ) प्रादेशिक वा राष्ट्रिय स्तरको प्रतियोगीताका लागि (वर्षमा १ पटक) बढीमा रु. ५०,०००।— देखि ७०,०००।— सम्म
- ङ) गाउँपालिकाको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पुयाउने प्रतियोगीताहरुको सम्बन्धमा उपयुक्त ढंगबाट सहयोग पुयाउन गाउँपालिका समक्ष सिफारिस गरी सक्दो आर्थिक सहयोग उपलब्ध गराईने छ ।

१६. गाउँ खेलकुद समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद समिति गठन गरिनेछ।

१७. गाउँ खेलकुद समितिले टिम दर्ता निवेदन फारम, नविकरण फारम, प्रशिक्षक प्रशिक्षार्थी फारम, परिचयपत्र, दर्ता प्रमाण पत्र आदिको ढाँचा निर्धारण गरि लागु गर्नेछ ।

## परिच्छेद ६

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

१८. गाउँपालिकाले राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टिमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ।

१९. खेलकुद विकासको लागि सभा, सम्मेलन गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

२०. राष्ट्रिय, तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

महाभारत गाउँपालिका राजपत्र

२१. महाभारत गाउँपालिकाको कला, संस्कृति र खेलकुद विकासको लागी आवश्यकता अनुसार टिम, क्लब, संघ संस्थाका प्रतिनिधिहरुको याली वा बैठक बोलाउन सक्नेछ ।

२२. अन्तर गाउँपालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा समिति मार्फत सरिक गराईने छ।

२३. गाउँपालिकाले निर्णय गरे बमोजिम सहभागी हुन जाने टिमका खेलाडी, प्रशिक्षकर व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

१) उपत्यकाभित्र भाग लिन जानेको हकमाः

क) प्रतियोगिताका भाग लिन जाँदा आउँदा, बस्न र पारवाहनका लागि हुने खर्च उपलब्ध गराईने छ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन ५००० ।— दरले प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु ४०००।— सम्मको सुविधा दिन सक्नेछ।

२) उपत्यका बाहिर भाग लिन जाने हकमा

क) प्रतियोगिता भाग लिन जाँदा, आउँदा, बस्न र पारवाहनका लागि खर्च उपलब्ध गराईनेछ ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन ७५००।— दरले प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु ४००० सम्मको सुविधा दिन सक्नेछ ।

## परिच्छेद ८

२४. महाभारत खेलकुद समितिले खेलकुद विकास र खेलाडिको स्तरवृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षणको व्यवस्था गर्नेछ।

२५. प्रशिक्षार्थीहरुले प्रशिक्षणमा समावेश हुन महाभारत खेलकुद समितिका प्रतिनिधि र वडाध्यक्षको सिफरिस सहित महाभारत खेलकुद समितिको निर्धारित फाराम बुझाई आवेदन दिनु पर्नेछ।

२६. प्रशिक्षार्थीहरुले फाराम शुल्क रु १०, मासिक शुल्क रु ५० बुझाई खेलाडी परिचय पत्र लिनु पर्नेछ र भर्ना शुल्क रु १०, दर्ता शुल्क रु ५०० लाग्नेछ।

महाभारत गाउँपालिका राजपत्र

२७. कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एकजना प्रशिक्षक एकजना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ । यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई गाउँपालिका खेलकुद समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराईनेछ।

२८. कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ वर्षको लागि हुनेछ । तर आवश्यकता अनुसार म्याद थपघट गर्न सकिनेछ ।

२९. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैले जुटाउनु पर्नेछ ।

३०. प्रशिक्षकले आवश्यक सामानको सूची तयार गरी गाउँपालिकामा माग गर्ने, खेलाडिमा मासिक शुल्क उठाउने , प्रशिक्षण सामाग्रीको अभिलेख राखि हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र प्याकेज प्रोग्राम (प्रशिक्षण) र प्रगति प्रतिबेदन तयार गरी पेस गर्ने जिम्मा लिनु पर्नेछ ।

३१. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरि कम्तीमा दिनको दुई घण्टा खेलाडिहरुलाई प्रशिक्षण गर्नु पर्नेछ।

३२. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः सञ्चालन गर्न आवश्यक व्यवस्था भएको सूचना भएमा गाउँ खेलकुद समितिले निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ।कुनै खेल प्रशिक्षणमा बिशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा गाउँपालिकालाई अनुरोध गरी स्वीकृति भए अनुसार गरिनेछ ।

## परिच्छेद ९

## गाउँ खेलकुद विकास कोषको व्यवस्था

३३. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि गाउँपालिकामा गाउँ खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

३४.कोषका स्रोतहरु देहाय बमोजिम हुनेछन-

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्, जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने नगद,

ख) विभिन्न प्रतिगोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

ग) विभिन्न प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,

घ) गाउँपालिकाभित्रका टिम, क्लब दर्ता आवेदन शुल्क, नविकरण शुल्क, फाराम शुल्क,

महाभारत गाउँपालिका राजपत्र

३५. यस कोषको सञ्चालन गाउँ खेलकुद समितिको निर्णय अनुसार हुनेछ।

३६. गाउँ खेलकुद समितिको अध्यक्षले बढीमा १५,००० सम्म कोषबाट खर्च गर्न सक्नेछ । र यसरी गरिएको खर्च समितिको बैठकबाट अनुमोदन गरी नियम अनुसार फछ्र्यौट गर्नु पर्नेछ ।

**परिच्छेद १०**

**खेलकुद पूर्वाधार तथा निर्माण तथा मर्मत**

३७. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

३८. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार गाउँ खेलकुद समितिले कोषबाट मर्मत सम्भार गर्नेछ । तर रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले गाउँपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागी पठाउनु पर्नेछ।

३९. खेलकुद पूर्वाधार (स्टेडियम, खेलकुद भवन, मैदान,टयाक आदि) को व्यवस्था गर्न गाउँ खेलकुद समितिको निर्णय अनुसार माग भइ आएमा गाउँपालिकाको यस्तो पूर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ ।

**परिच्छेद ११**

**विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था**

४०. यूवा तथा खेलकुद विकास समिति अन्तर्गत गाउँ खेलकुद समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धाान्तिक खेल प्रशिक्षण, सैद्धान्तिक कक्षा सञ्चालन र दक्ष अनुशासित खेलाडी तयार गर्ने कार्यमा सम्बन्धित खेल प्रशिक्षकहरुलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यकता अनुसार विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ । विषयगत खेल प्रशिक्षण समिति सम्बन्धि अन्य व्यवस्थाहरु देहाय बमोजिम हुनेछन् –

क) महाभारत खेलकुद समितिले तोकेको संयोजकको अध्यक्षतामा सम्बन्धित खेल प्रशिक्षक समेत गरी ३ देखि ५ सदस्य रहने गरी विषयगत खेल प्रशिक्षण समिति गठन गरिने छ।

ख) यस समितिले विषयगत खेल प्रशिक्षण, सञ्चालन, रेखदेख, निरिक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ।

ग) यस समितिले सम्बन्धित खेलकुदप्रति जनमानसको आकर्षण बढाउने कार्य गर्नेछ ।

घ) प्रशिक्षणको लागि आवश्यक सामाग्री जुटाउन मद्दत गर्नेछ ।

महाभारत गाउँपालिका राजपत्र

ङ) प्रशिक्षण केन्द्रबाट सञ्चालन हुने ग्रेडिङ्, प्रतियोगिता, गोष्ठी र कक्षा सञ्चालनमा सहयोग गर्नेछ ।

च) प्रशिक्षण केन्द्रमा धार्मिक, साम्प्रदायिक एवं अन्य खराब दूर्व्यसन आदिबाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउनेछ ।

छ) महाभारत खेलकुद समितिको नीति, नियम र निर्देशनलाई पालना गर्ने र गर्न लगाउने छ।

ज) प्रशिक्षार्थीलाई अन्य संस्थाबाट खेल्ने अनुमति र प्रशिक्षकलाई अन्य संस्थामा प्रशिक्षण कार्य र खेलको वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ ।

झ) यस समितिको बैठक संयोजकले तोकेको मिति, स्थान र समयमा आवश्यकता अनुसार बस्नेछ।

ञ) महाभारत खेलकुद समितिको निर्देशानुसार सम्बन्धित खेलको लागि वार्षिक कार्य तालिका बनाउनु पर्नेछ ।

ट) अनुशासनको कारवाही गर्ने क्रममा गल्ती हेरि स्पष्टीकरण, चेतावनी वा निलम्बन गर्न सकिनेछ । तोकेको अवधिमा पनि आचरण सुधार नभएमा निष्काशन गर्न सकिनेछ ।

ठ) अनुशासनको कारवाही गर्ने क्रममा सम्बन्धित व्यक्तिलाई सफाई पेस गर्ने मौका दिइनेछ। तर प्रशिक्षण समितिको प्रतिवेदन माथि महाभारत खेलकुद समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

ड) महाभारत खेलकुद समितिको निर्णय अनुसार आवश्यक थपघट वा संशोधन गर्न सकिनेछ।

## परिच्छेद १२

## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

४१. अनुशासनको कारवाहीः खेलाडी, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उलंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ । तर एक वर्षमा तीन पटक भन्दा बढि चेतावनी दिन सक्नेछ । तर एक वर्षमा तीन पटक भन्दा बढि चेतावनी पाईसकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी,व्यवस्थापकलाई एक वर्षसम्म कुनै पनि खेलकुद प्रतियोगिता प्रशिक्षण व्यवस्थापनमा सहभागि हुन नपाउने सजाय गर्न सक्नेछ। विषयगत खेल

महाभारत गाउँपालिका राजपत्र

प्रशिक्षण समितिले गरेको सिफारिसको आधारमा महाभारत खेलकुद समितिले अनुशासित खेलाडिलाई नगद पुरस्कार तथा सम्मान गर्नेछ ।

आज्ञाले
हरि सिंह विष्ट
प्रमुख प्रशासकीय अधिकृत

महाभारत गाउँपालिका राजपत्र